**मिति २०७०।२।१४ मा मन्त्रिपरिषद् सामाजिक समितिका निर्णयहरू–**

१. मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका २०७० स्वीकृत गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १७।१-०७०।१।४ को प्रस्तावमा मं.प.बै.सं ६।०७०।२।२ मिति २०७०।२।२ गतेको मन्त्रिपरिषद्को बैठकबाट "मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।"निर्णय भए अनुसार आजको बैठकमा छलफल हुँदा देहायबमोजिम गर्ने-

"शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट शसस्त्र द्वन्दका कारण मानसिकरूपले प्रभावित भएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०७० स्वीकृतिको लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा उक्त विषय मन्त्रालयको एक निश्चित कार्यक्रम सञ्चालनसँग सम्बन्धित देखिएको हुँदा द्वन्दपीडितको पहिचान गर्ने विषय अवधि सहित स्पष्ट गर्ने, परामर्श सेवा सञ्चालन गर्ने अवधि तोक्ने, परिवारको परिभाषा स्पष्ट गर्ने, शान्ति प्रकृयामा सहयोगको लागि कार्यान्वयन हुने आयोजनाको परिभाषा र अवधि स्पष्ट गर्ने, सिफारिस अनुगमन समिति र निर्देशक समितिको संरचना सकेसम्म सानो बनाउने, सरकारी पदाधिकारीहरूको बैठक भत्ता प्रचलित मापदण्ड बमोजिम गर्ने गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको परामर्शमा त्यस मन्त्रालयबाटै प्रचलित नियमानुसार कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने ।"

**मिति २०७०।३।१८ मा मन्त्रिपरिषद् सामाजिक समितिका निर्णयहरू–**

१. काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजनाको लागि वन क्षेत्रको जग्गा उपलव्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १४।२-०७०।१।१७ को प्रस्तावमा मं.प.बै.सं ४।०७० मिति २०७०।१।२६ गतेको मन्त्रिपरिषद्को बैठकबाट "मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएकोमा समय अभावका कारण उक्त विषयले मिति २०७०।२।१४ को बैठकमा प्रवेश नपाएको र आजको बैठकमा छलफल हुँदा "काभ्रे उपत्यका एकिकृत खानेपानी आयोजनाको लागि काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका वडा नं. १० को देविस्थान सामुदायिक वनको १४ रोपनी १५ आना, उग्रतारा जनागाल गा.वि.स. वडा नं. ७ को धनेश्वर सामुदायिक वनको २ रोपनी ६ आना र धुलिखेल नगरपालिका वडा नं. ३ को सरकारी वनको २ रोपनी १३ आना गरी जम्मा २० रोपनी २ आना वन क्षेत्रको जग्गा आयोजनाले प्रयोग गर्न र सो वन क्षेत्रमा रहेका विभिन्न जातका १९३ वटा रूखहरू हटाउन यसैसाथ संलग्न अनुसूचीमा रहेका शर्तहरू पालना गर्ने गरी स्वीकृति दिने ।

**मिति २०७०।६।२३ मा मन्त्रिपरिषद् सामाजिक समितिका निर्णयहरू–**

१. "वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७०" स्वीकृत गर्ने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।